आज मिति २०८२/११/२८ गते यस लिम्चुङबुङ गाउँपालिकाको कार्यवाहक अध्यक्ष श्री पुष्पलाल राईको अध्यक्षतामा आ.व. ०८२/८३ को ११औ कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

उपस्थितिहरुः

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पुष्पलाल राई | कार्यवाहक अध्यक्ष | |
| २ | श्री जनदिप थापा मगर | १ नं. वडा अध्यक्ष | |
| ३ | श्री जितेन्द्र राई | २ नं. वडा अध्यक्ष | |
| ४ | श्री गुरुमणी कुमाई | ३ नं. वडा अध्यक्ष | |
| ५ | श्री छत्र बहादुर राई | ४ नं. वडा अध्यक्ष | |
| ६ | श्री कबिचन्द्र राई | ५ नं. वडा अध्यक्ष | |
| ७ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ८ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री पृथि रसाईलि | कार्यपालिका सदस्य | |
| १० | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| ११ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १२ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १३ | श्री सन्देश राई | सदस्य सचिव | |
| १४ | श्री श्याम बहादुर कार्की | सूचना प्रविधि अधिकृत | |
| आमन्त्रितहरु | | | |
| १ | | | |
| | | | |
| | | | |

स्तावहरु:

१. स्थानीय शासन कर्यसम्पादन मूल्याङ्कन प्राणाली (LGPAS) सम्बन्धमा।

२. लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धमा।

३. महेन्द्र मा.वि., बाराहाको विद्यालयको ठेक्का म्याद सम्बन्धमा।

४. शहरी विकास तथा भवन निर्मण विभागमा योजना माग सम्बन्धमा।

५. कार्यविधि संसोधन सम्बन्धमा।

६. विविध सम्बन्धमा।

**निर्णय नं. १,**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको च.नं. २९४, मिति २०८२/११/१९ गते प्राप्त भएको पत्रानुसार स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्राणाली (LGPAS) मा लिम्चुङबुङ गाउँपालिकाको आ.व. २०८१/८२ मा सम्पादन भएका सम्पुर्ण कार्यहरुको सम्पुर्ण विवरण प्राविष्टि गरी यहि चैत्र १५ गते भित्र सम्बन्धित निकायमा पठाउने भनि सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ माथि छपफल गर्दा लिम्चुङबुङ गाउँपालिकाकको उद्यम विकास शाखालाई व्यवस्थित वनाउन गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ५२ वमोजिम समिति गठन गर्ने र सो समिति प्रत्येक २ (दुई) महिनामा वैठक बस्ने भनी सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिकाको वडा नं. ३ मा अवस्थित महेन्द्र मा.वि. सिर्वानी बाराहा स्कूल निर्माण गर्न २०७८/०५/२९ गते ठेक्का आह्वान रु. ७९,३८,१३९/८१ मा लगाईएकोमा सवैभन्दा कम कबोल मझेरी कन्ट्रक्सनले रु. ४७,३७,८२७/७८ मा ठेक्का पारी २०७८/०९/१३ मा पालिका संग ठेक्का सम्झौता भई २०७९/०३/२५ सम्ममा कार्य सम्पन्न गर्नुपर्ने ठेक्का सम्झौता अनुसारको समयमा सम्पन्न नभई पटक-पटक म्याद थप गर्दै आएको अन्तिम २०८०/०३/२५ गते सम्म म्याद थपिएकोमा निज निर्माण व्यवसायीले समयमा काम पूरा नगरी काम छोडेको हुदाँ उक्त निर्माण व्यवसायी कम्पनिले हालसम्म भुक्तान लगेको रु. ४६,०४,४२८/०२ र लान बाकि रु. १,३७,३९९/२७ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को (८) वमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को (क) वमोजिम रु ४,७३,७८२ रुपैया क्षतिपूर्ति हुने देखिएकोले सरकारी बाँकी सरह रकम असूल उपर गर्न निर्माण व्यवसायीलाई ७(सात) दिनको सूचना दिने र म्यादभित्र रकम जम्मा नगरेमा पुनः राष्ट्रिय स्तरको पत्रिकामा ३५ (पैंतिस) दिने सूचना प्रकाशन गरी नियमानुसार गर्ने भनि सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शहरी विकास तथा भवन निर्मण विभाग सघन शहरी तथा भवन निर्माण आयोजना ससरीको च.नं. ६४४, मिति २०८२/११/२५ मा प्राप्त पत्र वमोजिम आगामी २०८३/८४ को लागि कार्यक्रम तथा आयोजनाको लागि राष्ट्रिय योजना आयोगको योजना वैङ्कमा प्रविष्टि गर्नुपर्ने देहाय वमोजिमका योजना छनौट गरी सम्बन्धित निकायमा पठाउने भनी सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. रौतामाई-१ माझखर्क लिम्चुङबुङ गाउँपालिका ३ बाराहा सडक निर्माण (माझखर्क वजार देखि गाउँपालिकाकलो केन्द्र जोड्ने सडक)

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा स्वीकृत कृषि कार्यक्रम कार्यविधि, २०८२, को दफा १७ को उपदफा (छ) प्रथम संसोधन सर्वसहमतिले निर्णय गरियो।

**संसोधन गरिएको विवरणः**

(छ) विभिन्न शिर्षकमा दिन सकिने अनुदान (प्रथम संसोधन)

अ) दफा १७ बमोजिम छनौट भएका अनुदानग्राहीलाई निम्न तालिका अनुसार अनुदान (%) गाउँपालिकाको तर्फबाट उपलब्ध गराइनेछ।

| क.सं. | विवरण | सुविधा |
|---|---|---|
| १ | कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्नाहरु) | बढिमा ७५ प्रतिशन |
| २ | कृषि औजार तथा उपकरणहरु | बढिमा ५० प्रतिशत |
| ३ | साना सिंचाई पूर्वाधार | बढिमा ७५ प्रतिशत |
| ४ | नवीतम प्रविधिको विस्तार | बढिमा ८५ प्रतिशत |

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा अन्य छलफल गर्ने विषय नभएकोले आगामि कार्यपालिका बैठक यहि मित २०८२/१२/०८ गते बस्ने भनि निर्णय गरियो।